# उपाध्यक्ष श्री राजेश कुमार राजभण्डारीज्यूबाट प्रस्तुत
# आ.व. २०८०/८१ का लागि बजेट बक्तव्य

**यस गरिमामय सभाका आदयरणीय सभाध्यक्ष महोदय, अतिथिज्यूहरु एवं सभाका सम्पुर्ण सदस्यज्यूहरु,**

नेपालको संविधान,२०७२ बमोजिम स्थानीय तहको निर्वाचनको दोस्रो कार्यकालको दोस्रो वर्षको लागि ऐसेलुखर्क गाउँपालिको आ.व. २०८०।०८१ को बार्षिक बजेटलाई आज यस सम्मानित एवं गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु ।यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समावेशी शासन व्यवस्था, मौलिक हक अधिकार लगायत देशको राजनैतिक र सामाजिक रुपान्तरणका निम्ति इतिहासका विभिन्न कालखण्डमा भएका विभिन्न आन्दोलनहरुमा अमुल्य जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै सामाजिक न्याय आर्थिक सम्मुन्नति राजनैतिक परिवर्तनका लागि संघर्ष गर्नु हुने महान जनता र नेतृत्व गर्नु हुने महान नेपाली शीखर व्यक्तित्वहरु प्रति आभार प्रकट गर्न चाहान्छु ।

नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना, गाउँपालिकाले निर्माण गरेका विभिन्न ऐन, नियम र कार्यविधिहरुलाई आत्मासाथ गर्दै ऐसेलुखर्क गाउँपालिकाबासीहरुको जीवनस्तरलाई मात्रात्मक र गुणात्मक रुपमा उकास्न साथै गाउँपालिकाले विकास निर्माणलाई परिणाममुखि बनाउन र गाउँपालिकाबासीका आबश्यकता र जनआकांक्षालाई परिपुर्ति गर्नका लागि सिमित स्रोत र साधन हाम्रो सिमा रहे पनि सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।ऐसेलुखर्क गाउँपालिकाको २०८०/०८० को नीति तथा कार्यक्रमलाई मुख्य आधार मान्दै संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने बित्तिय समानिकरण, शसर्त अनुदान, गाउँपालिकाको आन्तीरक आय, विकास साझेदार र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबै बर्ग र क्षेत्रमा विशेष गरी गरिब, महिला बालबालिका, सामाजिक एबं आर्थिक दृष्टिकोणबाट पिछ्डडीएका बर्ग र समुदाय एबं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी श्रोत साधनको अधिकतम परिचालन गर्दै समान र सन्तुलित तवरबाट विकास निर्माणलाई

अबलम्बन गर्दै सहज र सरल रुपमा सेवा सुबिधा उपलब्ध गराउन एबं त्यस्ता सेवा सुबिधालाई मितब्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेसी, न्यायोचित दिगो र गुणस्तरयुक्त गराउदै गरिबी न्यूनिकरण र दिगो विकासको लागि श्रोत साधनलाई ब्यवस्थित गर्दै गाउँपालिकाले आफ्ना क्रियाकलाप अगाडी बढाइ दिगो विकासको लक्ष्यलाई बजेटले विशेष प्राथमपकतामा राखेको ब्यहोरा अनुरोध गर्दछु । ऐसेलुखर्क गाउँपालिकालाई भौतिक पुर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सामाजिक न्याय र समानताको दृढ पक्षपोषण गर्दै सबै प्रकारका भेदभाव र अन्यायको अन्त्य गरी "सबैको लागि सम्वृद्धि"भन्ने नारालाई सार्थक बनाउन निरन्तर लागिरहने कुरा अबगत गराउन चाहान्छु ।

यसै परीप्रेक्ष्यमा यस ऐसेलुखर्क गाउँपालिकाको विकासको लागि सदैव जागरुक भइरहने यहाँका राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवी, समाजसेवी, कर्मचारी तथा सम्पूर्ण ऐसेलुखर्क गाउँपालिकाबासी नागरिकहरु प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।यो बजेट स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परमार्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, सबै विषयगत समितिहरु, सबै वडा समितिहरु र

ऐसेलुखर्क गाउँकार्यपालिकाका सबै विषयगत शाखाहरुसँग पर्याप्त छलफल गरी सबै आम नागरिकहरुको माग र आबश्यकताको आधारमा तयार पारिएको छ ।

त्यसै गरी आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न कुराहरुलाई आधार लिइ योजना छनौट गरिएको कुरा अवगत गराउन चाहान्छु ।

- नेपालको संविधान, २०७२
- गाउँपालिको नीति तथा कार्यक्रम
- संघिय तथा प्रदेश सरकारका नीति, बजेट तथा कार्यक्रम,
- स्थानीय सरकार सञ्चालन ऐन तथा विद्यमान कानूनहरु र विनियोजन विधयेक,
- दिगो विकास लक्ष्य,
- ऐसेलुखर्क गाउँपालिकाको आवधिक योजना,
- पन्ध्रौ योजना,

- विभिन्न तह र तप्काबाट प्राप्त सुझावहरु तथा विगतको अनुभवको सिकाइ
- नागरिकहरुका माग र आबश्यकता साथै नेपाल सरकारबाट प्राप्त निर्देशिका तथा मार्गदशर्नहरु
- गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, उच्च तथा दिगो आर्थिक प्रतिफल प्राप्त हुने, बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने, स्थानीय जनताको सामाजिक आर्थिक उन्नतिमा सहयोग पुग्ने, वातावरण संरक्षण र विपद व्यवस्थापनमा सहयोग पुर्याउने, स्थानीय स्रोत साधनमा आधारित,

सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,

सर्बप्रथम अब म आर्थिक वर्ष २०७८/७९ को यथार्थ आय व्यय र आर्थिक वर्ष २०७९/८० को आय र व्ययको संशोधित अनुमान प्रस्तुत गर्दछु ।

**आर्थिक वर्ष २०७८/७९ को आय र व्ययको यथार्थ विवरणः**

- राजश्व तर्फ आ.व. २०७८/७९ को गाउँपलिका आन्तरिक आयबाट प्राप्त रकम रु.५६ लाख ५९ हजार ३ सय ३२ रुपैया पैसा ५२ मात्र ।संघिय सरकारबाट प्राप्त रावश्व बाडफाँड रु. **५ करोड** ८९ लाख ६१ हजार ४ सय ७० रुपैया पैसा २२ मात्र र प्रदेश सरकारबाट प्राप्त सवारी कर बाडफाँड रु. २३ लाख ६ हजार ७ सय ८ रुपैया पैसा ७३ मात्र गरी ***जम्मा आन्तरिक आय रु. ६ करोड ६९ लाख २७ हजार ५ सय ११ रुपैया पैसा ४७ मात्र*** ।
- वित्तिय हस्तान्तरणबाट प्राप्त संघिय सरकार वित्तिय समानिकरण अनुदान रु. ८ करोड ४५ लाख, संघिय सशर्त अनुदान रु. २४ करोड १६ लाख १२ हजार, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान **रु. ४६ लाख ९८ हजार**, प्रदश सशर्त अनुदान **रु. ४९ लाख ७४ हजार**, प्रदेश समपूकरक कोष रु. १ करोड गरी ***जम्मा रु. ३४ करोड ५७ लाख ८४ हजार मात्र ।***
- अन्तर सरकारी अख्तियारी तर्फ सामाजिक सरक्षा कार्यक्रममा **रु.** ***६ करोड २५ लाख ९४ हजार २ सय ८५ मात्र ।***

- आ.व. २०७८/७९ को कुल यथार्थ आय आ.ब. २०७७/७८ को संचित कोष अ.ल्या. रकम रु. ५ करोड ५७ लाख ९९ हजार ८ सय ८९ पैसा १ सहित **रु ५३ करोड ११ लाख ५ हजार ६ सय ९४ रुपैया पैसा ४८ मात्र रहेकोमा उक्त कुल आय मध्ये निकासा फिर्ता रु. ३ करोड ७६ लाख १८ हजार १ सय २३ पैसा १५ मात्र र खर्च हुन बाकी गाउँपालिकाको संचित कोष खातामा फिर्ता रु. ३ करोड ५ लाख ९८ हजार ७ सय ५० हुन गै आ. व. २०७८/७९ को कुल यथार्थ** खर्च रु.**४६ करोड २८ लाख ८८ हजार ८ सय २१ पैसा ३३ मात्र रहेको छ** । यो खर्च कुल आयको ***८७.१६ प्रतिशत*** हुन आउछ ।

**चालु आर्थिक वर्ष २०७९/८० को आय व्ययको संशोधित अनुमानः**

- चालु आ. व. २०७८/७९ कुल बजेट विनियोजन ऐन अनुसार **रु. ४८ करोड १० लाख ९४ हजार ३ सय १० मात्र** भएकोमा विनियोजन ऐन पारीत भै सके पश्चात विनियोजन ऐनमा समाबेश नभएको संघिय सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण अन्तर्गत सशर्त अनुदान **रु. २ करोड १८ लाख २६ हजार** र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान **रु. २० लाख ५० हजार** गरी जम्मा **रु. २ करोड ३८ लाख ७६ हजार** । पछि प्राप्त भएको बजेटलाई समाबेश गर्दा कुल बजेट संशोधित बजेट **रु.५० करोड ४९ लाख २० हजार ३ सय १० मात्र** हुन गएकोमा संघिय सरकार शसर्त अनुदान रु.५० हजार र वितिय समानिकरण रु १ करोड ११ लाख ६२ हजार ५ सय र प्रदेश समानिकरण रु. ५ लाख ८७ हजार २ सय ५० गरी जम्मा रु. १ करोड १७ लाख ९९ हजार ७ सय ५० निकासा घट भइ कुल शंसोधित बजेट ***रु. ४९ करोड ३१ लाख २० हजार ५ सय ६०*** मात्र हुन आएको कुरा अवगत गाराउदछु ।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरु,**

अब म आ.व.२०८०/८१ को बजेटको सोच, उद्देश्यहरु र प्राथमिकाहरुको चर्चा गर्न गइरहेको छुः

(क) सोचः सम्वृद्ध ऐसेलुखर्क गाउँ पालिकाको निर्माण गर्ने ।

(ख) उद्देश्यः

- ऐसेलुखर्क गाउपालिकाका प्रत्येक गाउँ र वडालाई कृषिमा आत्मनिर्भर बनाउने ।
- दिगो उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर उच्च राख्ने ।
- सेवामूलक र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइ स्वस्थ जनजीवन बनाउने ।

- उच्च सामाजिक सुविधा र मर्यादा सहितको लैंगिक समानता, समतामूलक, समावेशी, सुरक्षीत, सभ्य र न्यायपूर्ण समाजको निर्माण गर्ने ।
- दिगो, गुणस्तरिय, समानुपातिक र पहुँचयोग्य पुर्वाधार क्षेत्रको विकास गरी जनजीवनलाई मर्यादित र सहज बनाउने ।
- वातावरण स्वच्छ र सन्तुलित राख्ने ।
- रोजगारी सृजना र गरिवी निवारण गर्ने ।
- संस्थागत क्षमता वृद्धि गरी सुशासन कायम राख्ने ।((

यी उद्देश्यहरु हासिल गर्नका लागि यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छ्

- कृषिलाई थप व्यवसायीकरण र आधुनिकिकरण गर्नको लागि थप टेवा पुग्ने किसिमका कार्यक्रमहरु
- कम लगानीबाट उच्च प्रतिफल दिने र आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने खालका कार्यक्रमहरु ।
- विभिन्न खाले महामारीबाट बच्ने, जीवन रक्षा गर्ने, निरन्तर चेतना जगाउने कार्यक्रमहरु ।
- स्वास्थ्य र शिक्षालाई प्राथमिकतामा राख्दै सामाजिक विकासका क्षेत्रमा सघाउ पुर्याउने किसिममा कार्यक्रमहरु ।
- आम नागरिकहरुको पहुँचमा सहज र सरल पुर्याउने सडक तथा पूर्वाधारका

आयोजनाहरु ।

- ❖ स्थानीय गौरवका योजनाहरु तथा चालु आ.व.मा शुरु भै विविध कारणले सम्पन्न नभएका ठुला योजनाहरु ।
- ❖ गाउँविकास आवधिक योजनाले लिएका उद्देश्य पुर गर्ने खालका कार्यक्रमहरु ।
- ❖ समावेशी र सन्तुलित विकासमा सहयोग पुर्याउने कार्यक्रम तथा आयोजनाहरु
- ❖ स्वरोजगारमूलक तालिम, उद्यम विकासको माध्यामबाट रोजगारी सृजना गर्ने साथै स्थानीय उत्पादनमा वृद्धि गरी आत्मानिर्भर बनाउदै गरिवी निवारणमा जोड दिने खालाका कार्यक्रमहरु ।
- ❖ सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री, जनमुखि र नतिजामुखि, जनउत्तरदायी र पारदशी बनाउदै सुशासन कायम गर्ने साथै प्रशासकीय र व्यवस्थापकीय क्षमता, कानुनी र संस्थागत क्षमतालाई समय अनुकुल वृद्धि हुने कार्यक्रमहरु ।

सभाध्यक्ष महोदय,

अब म यिनै उद्देश्य तथा प्राथमिकताका आधारमा रही तयार गरिएको आर्थिक वर्ष २०८०।०८१ को कुल अनुमानित आय र विनियोजन तथा स्रोत समेतको वार्षिक बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**<u>आय तर्फः</u>**

ऐसेलुखर्क गाउँपालिकाको आ.व.२०८०/८१ को लागि **रु. ४३ करोड १७ लाख ७५ हजार ९ सय** मात्रको अनुमानित बजेट प्रस्तावित गरेको छु ।उक्त प्रस्तावित बजेटको खर्च व्यहोर्ने स्रोतहरुमाः

- ➢ गाउँपालिकाको आन्तरिक आयबाट प्राप्त रकम **रु. २५ लाख ५० हजार मात्र** प्राप्त हुने अनुमान गरेको छु ।
- ➢ संघिय सरकारबाट प्राप्त रावश्व बाडफाँड **रु. ७ करोड ४९ लाख १९ हजार** ९ सय प्रदेश सरकारबाट प्राप्त सवारी कर बाडफाँड **रु. २५ लाख ४० हजार मात्र** गरी कुल राजश्व बाडफाँड जम्मा ***<u>रु. ७ करोड ७४ लाख ५९ हजार ९ सय</u>*** मात्र

अनुमान गरेको छ ।

- संघिय सरकार वित्तिय समानिकरण अनुदान **रु. ८ करोड** , संघिय सशर्त अनुदान चालु **रु. २० करोड ९४ लाख,** संघिय सशर्त अनुदान पूजिंगत **रु. १ करोड ५५ लाख,** समपूरक अनुदान **रु. ८० लाख,** विशेष अनुदान **रु. १ करोड १५ लाख** गरी संघिय बजेट **जम्मा *रु. ३२ करोड ४४ लाख* मात्रको अनुमान छ भने ।**
- प्रदेश सरकार वित्तिय समानिकरण अनुदान **रु. ४७ लाख ७ हजार,** प्रदश सशर्त अनुदान रु **रु. २८ लाख ५९ हजार**, समपूरक अनुदान **रु. १ करोड** गरी जम्मा ***रु. १ करोड ७५ लाख ६६ हजार*** मात्रको अनुमान गरेको छ ।
- ऐसेलुखर्क गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ मा संचित कोषमा अ.ल्या हुन आउने रकम रु. **९८ लाख** मात्र अनुमान गरेको छ ।

**विनियोजन तर्फः**

- विभिन्न बिषयगत शाखाको लागि प्राप्त संघिय सशर्त अनुदानबाट व्यहोर्ने गरी चालु कार्यक्रम तर्फ **रु. २० करोड ९४ लाख** र पूजिंगत तर्फ **रु. १ करोड ५५ लाख** विनियोजन गरेको छ भने प्रदेश सरकार सशर्त अनुदानबाट व्यहोर्ने गरी चालु तर्फ **रु. ३ लाख २५ हजार र पूजिंगत कार्यक्रमको लागि २५ लाख ३४ हजार** विनियोजन गरेको छ ।
- गाउँपालिका तथा संघिय सरकारसँगको समपूरक अनुदानबाट रकम व्यहोर्ने गरी ऐसेलुखुर्क फापरश्वारा देखि ज्यामिरे वडा कार्यालय सडक स्तरोन्नतिका लागि **रु. १ करोड २० लाख,** ऐसेलुखर्क बजार ढलान (क्रमागत) को लागि गाउँपालिका र प्रदेश सरकारसँगको समपूरक अनुदानबाट रकम व्यहोर्ने गरी **रु. १ करोड ३० लाख** विनियोन गरेको छ ।
- संघिय सरकार विशेष अनुदानबाट ऐसेलुखर्क गाउँपालिकाको शैक्षिक विकास(डिजिटाइज स्कुल) र साक्षरता सुधार परियोजना कार्यक्रमको लागि **रु. *१ करोड १५ लाख*** विनियोजन गरेको छ ।
- संघिय सरकार प्रदेश सरकार र अन्य विभिन्न विकास साझेदार संस्थाहरुसँगको साझेदारी कार्यक्रमहरुको लागि **रु. १ करोड ५० लाख** विनियोजन गरेको छ

।

- वडागत पूजिंगत योजनाहरुका लागि **रु. २ करोड ४३ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका पुराना सडक मर्मतको लागि रु ३५ लाख विनियोजन गरेको छु भने आर्थिक, सामाजिक र पुर्वाधार क्षेत्रका विविध योजनाको लागि एकमुष्ठ १५ लाख विनियोजन गरेको छु ।
- पदाधिकारी सेवा सुविधा, कर्मचारी तलब भत्ता लगायत कार्यालयको प्रशासनिक खर्च र सबै वडा कार्यालयको प्रशासनिक खर्च र चालु प्रकृतिका खर्चको लागि संघिय सरकार राजश्व बाँडफाड प्रदेश सरकार सवारी कर बाँडफाड र आन्तरिक राजश्वबाट खर्च व्यहोर्ने गरी **रु. ८ करोड ९ हजार ९ सय** मात्र विनियोजन गरेको छु ।

**<u>क्षेत्रगत विनियोजनः</u>**

**१.आर्थिक विकासः**

ऐसेलुखर्क गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छन् ।कृषिलाई आधुनिकिकरण, व्यवसायीकरण, विशिष्टकरण गरी उत्पादन उत्पादकत्व वृद्धि गर्ने र रोजागारी सृजना गर्ने उद्देश्यका साथ कृषक दर्ता व्यवस्थापन, विभिन्न कृषि कार्यक्रमको लागि पकेट क्षेत्र कार्यक्रम, ८० प्रतिशत अनुदानमा अध्यक्ष कृषि यान्त्रिकरण कार्यक्रम, विभिन्न फलफूलका विरुवा वितरण, मौसमी तरकारीका विउ वितरण, व्यवसायिक कृषि तथा पशु फर्म सुदृढिकरण ५० प्रतिशत अनुदान कार्यक्रम,तोरी उत्पादनका लागि अनुदान कार्यक्रम, वालिनालिलाई किराहरुबाट जोगाउन किटनाशक विषादि वितरण, परीक्षण गरी माटो सुधार, कृषक क्षमता अभिवृद्धि कार्यक्रम, मौरीपालनका लागि आधुनिक घार वितरण तथा तालिम आदिका लागि आबश्यक बजेट विनियोजन गरेको छु । पशुपालनलाई व्यवसायीक बनाई आयआर्जन वृद्धि गर्न पशुपंक्षि पालन सम्बन्धि तालिम, पशु आहाराको उत्पादन वृद्धि, गर्न विभिन्न जातका घासका विउ वितरण, पशु विमाको लागि अनुदान, तोकिएको संख्यामा व्वसायिक पशुपालन गर्ने जस्ता

कार्यक्रमा अनुदानको मिलाएको छु ।गाउँपालिका भित्रका पशुपंक्षिका रोगको सुरक्षाका लागि निःशुल्क औषधि वितरणको लागि आबश्यक बजेट विनियोजन गरेको छु ।करेसा खेतिलाई बडवा दिने कार्यक्रम, साना सिंचाइसँगको साझेदारीमा निर्माणाधिन सिंचाइ योजनालाई निरन्तरता दिदै थप योजनाहरुको लागि आबश्यक बजेट विनियोजन गरेको छु । ढाका बुनाइ सिलाइ कटाइ जस्ता घरेलु उद्योगलाई प्रोत्साहन गर्न मेशिन औजार वितरण,गरिवी निवारणका लागि विभिन्न रोजगारमूलक सिपमूलक तथा युवा स्वरोजगार कार्यक्रम, फुसको छाना विस्तापित गर्नै कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम सञ्चालान र नयाँ उद्यमी सृजनाका लागि बजेटको व्यवस्था गरेको छु ।ऐसेलुखर्क गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न ऐतिहासिक धरोहरको संरक्षण गर्न बजेट विनियोजन गरेको छु ।आगामी आ व को लागि आर्थिक विकासको क्षेत्रमा **जम्मा** ***रु. १ करोड २१ लाख २५ हजार*** रकम विनियोजन गरेको छु ।

**२. सामाजिक विकासः**

सम्पूर्ण सामुदायीक विद्यालयहरुलाई प्रविधमैत्री बनाउनको लागि आबश्यक बजेटको व्यबस्था गरेको छु ।सबै सामुदायिक विद्यालयहरुका इ हाजिरी जडानको लागि आबश्यक बजेटको छुटयाएको छु । स्थानीय पाठ्यक्रम निर्माण सम्भाव्यता अध्ययनको कार्य शुरु गरिने छ ।विद्यालयहरुको भौतिक पूर्वाधारको सुधार तथा घेराबाराको आबश्यक बजेटको व्यबस्था गरेको छु । सामुदायीक विद्यालयका प्रधानाध्यापकहरुलाई दिदै आएको प्र.अ. भत्ता, वालविकास र सामुदायीक विद्यालयका कर्मचारी, कार्यालय सहयोगीहरु, सामुदायीक विद्यालयमा कार्यरत अनुदान शिक्षकहरुलाई दिदै आइरहेको त. भ. मा अनुदानको व्यवस्थालाई निरन्तरता दिएको छु । उपाध्यक्ष छात्रवृति कार्यक्रमको लागि बजेटको व्यब्स्था गरेको छु । प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यव्थापनका लाग आबश्यक बजेट विनियोजन गरेको छु । ऐसेलुखर्क गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न सबै स्वास्थ्य चौकीहरुमा निःशुल्क औषधिको व्यबस्था लागि आबश्यक बजेट छुटयाएको छु ।आबश्यकीय भ्याक्सिन बार्हैं महिना स्टोर गर्न गाउँपालिकाको कार्यालयमा आबश्यक व्यवस्था मिलाएको छु।महिला स्वंयसेविकाहरुलाई

प्रोत्साहन भत्ता र सुत्केरी भेटघाट तथा कुपोषित वालवलिकाका पोषण कार्यक्रम सञ्चालन गरिने छ ।ऐसेलुखर्क गाउँपालिका भरि नै दिगो तथा गुणस्तरिय खानेपानीको व्यवस्था गर्न बजेट विनियोजन गरेको छु। सरसफाईका लागि सचेतनामूलक कार्यक्रम लागि वजेट विनियोजन गरेको छु । बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुका लागि बजेटको प्रवन्ध गरिएको छ ।वालविवाह न्यूनिकरण, महिला हिंसा विरुद्धको कार्यक्रम, महिलाहरुका अन्य विविध कार्यक्रम, महिलाहरुलाई सिपमूलक तालिम, जनचेतनामूलक तालिम, महिला स्वंमसेविकालाई प्रोत्साहनका कार्यक्रम र समूह गठनद्वारा सशक्तिकरण गर्न तथा महिला समूह छनौट गरी विउपूँजी दिने कार्यक्रमका लागि आबश्यक रकम विनियोजन गरेको छु ।जेष्ठ नागरिकलाई सम्मान, एकल महिला तथा विधुवा उत्थान कार्यक्रमका लागि आबश्यक व्यवस्था मिलाइएको छ । त्यसै गरी धार्मिक स्थल र मठ मन्दिरको संरक्षण गर्न, आदिबासी जनजाती वर्गको भाषा संस्कृति संरक्षण र भाषा अधिकार प्रवर्द्धन, चेतानमूलक कार्यक्रम सञ्चालन, अपाङ्ग लक्षित कार्यक्रम आदिका लागि आबश्यक बजेट विनियोजन गरेको छु। पालिकास्तरिय कबर्डहल निर्माण, पालिकास्तरीय खेल मैदानको निर्माणलाई निरन्तरता दिइने छ ।युवा लक्षित कार्यक्रम तथा खेलकुद क्षेत्रको विकास लागि आबश्यक बजेट छुट्याएको छु।आगामी आ.व. मा सामाजिक विकासको क्षेत्रमा जम्मा ***रु. २ करोड १२ लाख २ हजार ५ सय*** रकम विनियोजन गरेको छु ।

### ३.पूर्वाधार विकासः

आ.व २०८०।८१ मा ऐसेलुखर्क गाउँपालिकाको यातायात गुरुयोजना निर्माण गरिनेछ जसको लागि आबश्यक बजेट विनियोजन गरेको छु । ऐसेलुखर्क गाउँपालिकाका मध्यमहाडी लोकमार्गसँग जोडिने र गाउँपालिकाको केन्द्र र वडा कार्यालय जोड्ने सडकको स्तरोन्नतिको कामलाई निरन्तरता दिइनेछ । गाउँपालिका क्षेत्रभित्र निर्मित सबै सडकहरुलाई पहुचयोग्य बनाउन पहल गरिनेछ यसका लागि गाउँपालिकाको आफ्नै

स्काभेटर मेशिन सञ्चालनको लागि आबश्यक प्रबन्ध मिलाएको छ। निर्माण कार्य शुरु भै सकेका बस्ति स्तरिय सडक योजनाहरुलाई निरन्तरताका लागि बजेटको व्यबस्था गरेको छ । ऐसेलुखर्कको वडा नं. ३ र ५ को वडा कार्यालयको पक्की भवनको निर्माण कार्य शुरु गर्न र सिस्ने वारियो पक्कि वेलिबृज निर्माण शुरु गर्न बजेट विनियोजन गरेको छ ।गाउँपालिकाको पक्कि भवनको लागि समेत बजेट विनियोजन गरेको छ । आगामी आ.व.मा पूर्वाधार क्षेत्रमा ***रु. ३ करोड १६ लाख ५२ हजार*** **रकम** विनियोजन गरेको छ ।

### ४. बन,वातावरण तथा विपद व्यवस्थापनः

वातावरण संरक्षणको लागि जनचेतनामूलक तलिम, विपत पूर्व तयारी, प्रतिकार्य र उद्दारको लागि आबश्यक उद्दार सामग्री आदिको व्यवस्था गर्न र विपद कोषमा रकम थप गरी मजबुद बनाउन आबश्यक बजेट ***रु.११ लाख ८५ हजार*** **रकम** विनियोजन गरेको छ ।

### ५. सुशासन तथा संगठनात्मक विकासः

सेवाप्रवाहको अबस्थाबाट नै सुशासनको मापन गरिने भएकोले गाउँ कार्यपालिकाको कार्यालय वडा कार्यालयहरुको तथा स्वास्थ्य कार्यालयहरुको संस्थागत र प्रशासनिक सुधार गरिनेछ । गाउँपालिकाको विभिन्न कामलाई सफ्टवेरमा जडान गरिने छ ।एकिकृत उपस्थित अनुगमनलाई मजबुत बनाइने छ। प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, मेलमिलाप रिफ्रेसर तालिम तथा मेलमिलाप केन्द्र सञ्चालन अभिमुखीकरण कार्यक्रम, जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकास तालिम तथा कानूनी शिक्षा कार्यक्रम, कर, राजश्व अशुली तालिम योजनाको सञ्चालनका लागि उपभोक्ता समितिलाई तालिम कर्मचारीहरुलाई समयसापेक्ष क्षमता विकासका तालिमहरुका लागि साथै समुदाय प्रहरी साझेदारी कार्यक्रम आदिका लागि आवश्यक बजेट विनियोजन गरेको छु । राजश्व प्रशासनलाई मजबुत र प्रभावकारी बनाउन राजश्व सम्भाव्यताको लागि थप अध्ययन गरिने छ जसको लागि आबश्यक बजेटको प्रवन्ध मिलाएको छु ।शुसासन र संस्थागत विकासको क्षेत्रमा ***रु. ५ लाख ९२ हजार रकम*** विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म यी प्रस्तुत गरिएको क्षेत्रगत बजेटको अधिनमा रही क्षेत्रगत कार्यक्रम र विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अन्त्यमा,**

यो बजेट तथा कार्यक्रम तयारिको लागि आबश्यक सहयोग गर्नु हुने राजश्व परमार्श समिति, कार्यक्रम तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरु,कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु, राजनैतिक दलका पदाधिकारीहरु, शिक्षक, बुद्धिजिवी, समाजसेवी र सम्पूर्ण शाखाका कर्मचारी र ऐसेलुखर्क गाउँपालिकाका आम नागरिकहरुमा म हार्दिक धन्यबाद यो बजेट कार्यान्वयनमा पूर्ण सहयोगको अपेक्षा गर्दछु । साथै आ.व.२०८०/८१ को लागि यो विनियोजन विधेयक, २०८० र अर्थ विधेयक, २०८० समेत यस सम्मानित एवं गरिमामय सभामा पेश गर्दछु र आबश्यक छलफल गरी पारीतको लागि हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !!